म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- १४८ २०८० वैशाख ९ गते शनिबार 22 April 2023, Saturday - पृष्ठ ८ मूल्य रू. ५/-




## संघका नेताले स्थानीय तहलाई सरकार मान्दैनन्: सांसद देवकोटा



समाज संवाददाता

हेटौंडाः संविधानले स्थानीय तहलाई सरकार भने पनि संघका नेताहरुले सरकार मान्ने नगरेको राष्ट्रियसभा सदस्य (सांसद) खिमलाल देवकोटाले बताउनुभएको छ । शुक्रबार हेटौंडा नगर विकासको सन्दर्भमा बहुसरोकारवालाहरुसँगको अन्तरक्रियात्मक गोष्ठीलाई सम्बोधन गर्दै देवकोटाले कानुनमा स्थानीय सरकार भनेता पनि संघीय नेताहरुले सरकार मान्ने नगरेको आरोप लगाउनुभयो ।

देवकोटाले अहिलेको समयमा विकासले गति नलिनुमा शिक्षित जनशक्ति पलायन प्रमुख समस्या रहेको बताउनुभयो । प्रमाणपत्र तहका विद्यार्थीहरु विदेश पलायन भएकाले विकासले गति लिन नसकेको उहाँको भनाई छ । संविधान राम्रो भए पनि सत्ताका मुख्य व्यक्ति राम्रो छैन भने राम्रो काम नहुने उहाँले बताउनुभयो । काम गर्ने मान्छे राम्रो छ भने संविधान नराम्रो भए पनि राम्रो काम हुने उहाँले दावी गर्नुभयो ।

हेटौंडा प्रदेशको राजधानी भएकाले सबै स्थानीय तहको प्रतिनिधित्व गर्नेगरी कार्यक्रम गर्नुपर्नेमा राष्ट्रियसभा सदस्य देवकोटाले जोड दिनुभयो । संघीयताको आधारभूत पक्ष कार्य जिम्मेवारी, स्रोत संयन्त्र मिलाउन आवश्यक रहेको बताउँदै अहिलेको समयमा सरकारको सिस्टमको विरोध गर्नेको पछाडि भिड लाग्ने गरेको उहाँले बताउनुभयो । देश विकास भनेको बाटो, भवन निर्माणमात्र नभई परिवर्तन आवश्यक पर्ने उहाँको भनाई छ ।

विश्वमा महिला सांसद २६ प्रतिशत रहे पनि नेपालमा ३४ प्रतिशत महिला सांसद रहेको उहाँले जानकारी दिनुभयो । स्थानीय तहमा महिलाको संख्या जापानमा १२.८७ प्रतिशत, डेनमार्कमा ३३.३३ प्रतिशत रहेता पनि नेपालमा ४१ प्रतिशत महिला जनप्रतिनिधि रहनु एक प्रकारको विकास भएको उहाँको भनाई छ । मुलुकमा शान्ति आउनु पनि विकास भएको उहाँले दावी गर्नुभयो ।

कार्यक्रममा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेले कानुन बनाउने मानिसले ध्यान नदिए कुनै विकास नहुने बताउनुभयो । नगरले विकासको बारेमा बुझ्न आवश्यक रहेको बताउँदै हाम्रो विकास भनेको बाटो बनाउने, भवन निर्माण भन्दाबाहेक अरुलाई विकास नमान्ने गरेकाले विकास नभएको उहाँको भनाई छ । विकासको गन्तव्य नभएकाले विकास नदेखिएको बताउँदै पौडेलले सोच एकातिर, काम अर्कोतिर राख्ने र अर्कोतिर जाने गरेकाले विकास नभएको आरोप लगाउनुभयो ।

नगरको विनियोजित बजेटको ५ प्रतिशतमात्र खर्च हुने तर ९५ प्रतिशत खर्च नहुने कारण विकास नभएको उहाँको भनाई छ । नगरपालिकामा ५ वर्षभित्र यो काम गर्छु भनेर लक्ष्य राखेर लाग्नु पर्नेमा भोटको आधारमा बजेट बिनियोजन गर्ने भएकाले परिणाममुखी काम हुन नसकेको पौडेलले बताउनुभयो । नगरमा समानुपातिक बजेट नभई आवश्यकताको आधारमा काम गर्नुपर्ने र समानुपातिक विकास हुन आवश्यक रहेकोमा जोड दिनुभयो । स्थानीय सरकारको जति पावर प्रदेश सरकारको नहुने भएकाले बजेट बिनियोजन गर्दा योजना छनोट गर्न आवश्यक रहेको बताउँदै विकासलाई रोजगारीसँग जोड्नुपर्ने उहाँको भनाई छ ।

## केपी ओली नैतिकता नभएको व्यक्तिः महासचिव भुसाल

समाज संवाददाता

हेटौंडाः केपी ओली नैतिकता, लाज, घिन केहि पनि नभएको व्यक्ति भएको नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी (एस)का केन्द्रीय महासचिव घनश्याम भुसालले आरोप लागाउनुभएको छ । शुक्रबार नेकपा एसको ६४ औं पार्टी स्थापना दिवसको अवसरमा हेटौंडामा आयोजित अगुवा कार्यकता भेलालाई सम्बोधन गर्दै नेकपा एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री ओलीले पटक-पटक संसद विघटन गरेकोले भुसालले आरोप लगाउनुभएको हो ।

'एमाले मुखमा पुँजीवादको बिरोध गर्ने, भ्रष्टाचारको बिरोध गर्ने तर भित्रभित्र आफैं भ्रष्टाचार गर्ने गरेको छ,' महासचिव भुसालले भन्नुभयो- 'एमालेको झुट र भुलभलैयामा लाग्न हुँदैन ।' केपी ओली नेकपा एसलाई सिध्याउन लागेको भुसालले दावी गर्नुभयो । हिजो चारपाटा मोडेर एमालेले निकालेकाहरु फेरि एमालेमा जान लागेको भन्दै उहाँले केही मानिसहरु जानु ठूलो कुरा नभएको बताउनुभयो ।

गठबन्धन गरेता पनि संघीय सरकार देखि स्थानीय सरकारसम्म सानो पार्टी भएकाले काम गर्न सहजता नभएको गुनासो पार्टीभित्र आएको उहाँले जानकारी दिनुभयो । नेपाली कांग्रेस कुनै प्रतिबद्धता नभएको पार्टी रहेको आरोप लागाउँदै महासचिव भुसालले कांग्रेस हाम्रै पिठ्युँमा चढेर सत्तामा गएको भए पनि अहिले सानो पार्टी भनेर नगन्ने गरेको उहाँको भनाई छ ।

पार्टीका नेता कार्यकर्ताहरु मार्क्सवादी भएकाले पार्टीको भविष्य छैन भन्ने लाग्छ भने छाड्न सक्ने हुनुपर्ने र अरुको होहल्लामा नलागी पार्टी बचाउन लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो । पार्टी सानो भएकाले बाधा



अड्चन आउनसक्ने तर जति संघर्ष भए पनि पार्टी अगाडि बढाउन नेता कार्यकर्ता लाग्नुपर्ने उहाँको भनाई छ । नयाँ चरणमा दुःख भएता पनि भोलिका दिनमा सफलता प्राप्त गर्नका लागि अगाडि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

राष्ट्रिय राजनीतिमा २००७ सालबाट अस्थिरता सुरु भएको उहाँले बताउनुभयो । विगतका दिनमा राजाले देशमा शासन गर्दा पनि कुनै विकास नभएको बताउँदै पहिले खुलेको उद्योग कलकारखानाहरु, बाटोघाटो निर्माणको काम विदेशी लगानीमा भएको उहाँको भनाई रहेको छ । विगतका दिनमा जनतालाई एमाले कांग्रेसले रोजगारी दिने भनेता पनि दिन नसकेको र पछिल्लो समय कांग्रेसले कलकारखाना बिक्री गरेकाले जनाताको भरोसा राजनीतिक दलबाट हटेको उहाँको दावी छ ।

विगतका दिनमा सामन्ती धेरै भएको, ४० प्रतिशत जमिन विर्ता रहेकाले कसलाई के बनाउने भन्ने जमिन्दारको हातमा रहेको उहाँले बताउनुभयो । अहिलेको समयमा ३ करोडको संख्यामा नेपालीहरु रहेकोमा ३५ लाख जनसंख्याले मात्र संगठित रोजगारी पाएको बताउँदै पछिल्लो समय जुनै राजनैतिक दल आएपनि रोजगारी सिर्जना गर्न सक्दैन भने राजनैतिक दल टिक्न नसक्ने उहाँको भनाई छ ।

कार्यक्रलाई सम्बोधन गर्दै पार्टी स्थायी कमिटी सदस्य विरोध खतिवडाले ओलीले गठबन्धन गरेर प्रचण्डलाई प्रधानमन्त्री बनाएको र अहिले अर्को पार्टीसँग गठबन्धन गरेपछि सरकारको काम राम्रो नभएको भनेर विरोध गरेको बताउनुभयो । एमालेले नेकपा एसलाई सत्तालिप्सा भनेर दोष लगाएको तर अहिले एमाले आफैं सत्तालिप्सा भएको उहाँले आरोप लगाउनुभयो । एमाले थोरै काम गर्ने तर धैरै बोल्ने पार्टी भएको उहाँको भनाई छ ।

थाहा नगरपालिकामा ३ सय विद्यार्थी पढ्ने विद्यालयको निर्माणको काम आफैंले सुरुवात गरेको उहाँले बताउनुभयो । एस पार्टीका नेता कार्यकर्ताहरुले को सरकारमा छ, त्यसमा ध्यान नदिई नकारात्मक काम गरेको पाए बिरोध गर्न आवश्यक रहेको धारणा राख्नुभयो । विकास गर्दा विनाश हुने भएकाले कानुनअनुसार काम गरेर अगाडि बढ्न आवश्यक रहेको उहाँको भनाई छ ।

## हेटौंडा साहित्य महोत्सव-२०८० सुरु




समाज संवाददाता

हेटौंडाः मकवानपुरको अग्रणी साहित्यिक संस्था साहित्य संगम मकवानपुरको आयोजनामा हेटौंडा साहित्य महोत्सव-२०८० सुरु भएको छ । शुक्रबार देखि दुई दिवसीय हेटौंडा साहित्य महोत्सव-२०८० सुरु भएको हो । साहित्य संगम मकवानपुरकी अध्यक्ष अनिता न्यौपानेको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाको प्रमुख आतिथ्यमा महोत्सव सुरु भएको हो ।

नगरप्रमुख लामाले महोत्सवलाई सम्बोधन गर्नुहुँदै महोत्सवले कलाका लागि हेटौंडा आउनुपर्छ भन्ने कुरा चिनाउन सहयोग पुग्ने बताउनुभयो । साहित्यलाई प्राविधिमैत्री हुनुपर्ने उहाँको भनाइ थियो । यस्तै पालिकाको प्रज्ञा प्रतिष्ठान निर्माणका लागि कार्यान्वयनको चरणमा पुगेको जानकारी दिनुभयो ।

हेटौंडा उपमहानगरपालिका कार्यालयको आर्थिक सहयोगमा साहित्य महोत्सव भएको हो । दुई दिवसीय महोत्सवको पहिलो दिन शुक्रबार हेटौंडाको विकासको बहस र माटोको कथासम्बन्धी बहस भएको छ । यस्तै पहिलो दिन नयाँ पुस्ताका साहित्यकारले कविता वाचन गरेका छन् भने गजल महफिल, मुक्तक वाचनको कार्यक्रम पनि भएको छ ।

आज दोस्रो दिन साहित्य सन्ध्या, सम्मान र कृति विमोचन हुनेछ । आज शनिबार आख्यानले हिँडेको बाटो शीर्षकमा बहस हुनेछ । साहित्यमा अनुवादको अभ्यास, कवितासम्बन्धी बहस हुनेछ । यस्तै छन्दमा कविता वाचनको कार्यक्रम पनि रहेको छ ।

## मकवानपुर पोलिक्लिनिक

विगत १२ वर्षदेखि सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र अस्पतालमा सेवा दिदै आउनु भएका डा. बिबेक बानिया यही वैशाख ९ गते हाम्रो हेटौंडा १ भिन्तुनापथमा रहेको मकवानपुर पोलिक्लिनिकमा आउनु हुने भएको छ । तेसैले मुटु सम्बन्धी समस्या भएका ब्लड प्रेसर, कोलेस्ट्रोल भएका, नयाँ तथा पूरानो बिरामीले सम्पर्क गर्नु होला ।



**नोट**: डाक्टर फ्री निः शुल्क रगत परीक्षणमा २०% छुट

सेवाहरुः
- प्याथोलोजी सेवा
- ईको सेवा
- भिडियो एक्सरे सेवा
- ECG सेवा

मकवानपुर पोलिक्लिनिक
(सञ्चो हस्पिटल अगाडि)
०५७५२५८०१, ९८४५२३७६११, ९८०७१३१३६४

## एसईई सकियो । अब के गर्ने ?

Bridge Course कि Career Course ?

पत्रकारितामा रुचि भएका विद्यार्थी साथीहरुलाई एईईपछिको विदाको समयमा हामी प्रशिक्षण दिने छौं । उच्च शिक्षाको अवसर समेत रहेको व्यावसायिक र रोजगारमूलक विषयमा प्रशिक्षित भई भविष्य सुनिश्चित गर्नुहोला । यही मिति २०८० साल बैशाख ५ गतेभित्र सम्पर्क गर्नुहोला ।

समाचार संकलन, लेखन, समाचार वाचनसँगै समग्र सामाजिक व्यक्तित्व समेत निर्माणमा सहयोग पुग्नेछ ।

आफ्ना बालबालिकाको रुचि र चासो बुझेर अभिभावक वर्गले पनि आवश्यक सहजीकरण गरिदिनुहुन अनुरोध गरिन्छ ।

(**नोट**: अध्ययन र लेखनमा रुचि र अभ्यास भएका इच्छुक उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।)

**प्रशिक्षण बैशाख पहिलो सातादेखि सुरू हुनेछ ।**

सम्पर्क

**समृद्ध समाज राष्ट्रिय दैनिक**

**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज**

हेटौंडा-४, अजरअमररोड
०५७-५२५४५६

# पत्नीसँगको डर



## अकबर वीरबलको कथा

एक साँझ अरु बेलाजस्तै बादशाह अकबरलाई वीरबलसँग साँझपख सँगै घुम्न मन लाग्यो । उनले वीरबललाई पर्खाए र सँगै निस्के। राजकाजका विषयमा कुराकानी हुदाँहुँदौ वीरबलले घर जाने मनसाय प्रकट गरे। अकबरले भने, "सुनेको थिएँ, हाम्रा वीरबल पत्नीसँग निकै डराउँछन् रे आज त प्रमाणित नै होलाजस्तो छ।"

"हो नि सम्राट् ! हाम्रो समाजका सबै पुरुषहरु आफ्ना पत्नीसँग डराउँछन् ।" वीरवलले उत्तर दिए ।

"आफू डराइयो भन्दैमा सारा समाजलाई त्यसमा मुछ्न मिल्छ वीरबल ?" अकबरले कुरा समाते ।

"सम्राट ! यो सत्य कुरा हो तर सबै आफ्नो मुख्ले यो कुरा भन्न चाहँदैनन्" वीरबलले मुसुमुसु हाँस्दै भने ।

"के तिमी यो कुरा प्रमाणित गर्न सक्छौ ?" अकबरले सोघे ।

"मजाले सम्राट ।"

"सकेनौ भने ?"

"नसकेदेखि वीरबल बादशाहसामु मुख नै देखाउँदैन", वीरबलले भने ।

"लौ यसका लागि तिमीलाई सात दिन ।" अकबरले समय दिए । वीरबलले पनि राजाको चुनौतीलाई स्वीकार गरे । उनले शहरका पुरुषहरुको एउटा भेला बोलाउने आदेश गरे ।

भेला शुरु हुनासाथ वीरबलले अकबरको सामुन्नेमा एक-एक पुरुषलाई नजिक बोलाएर अफ्नी पत्नीसँग डराउने नडराउने प्रश्न गर्न थाले । हरेक पुरुषले आफू कुनै न कुनै मामलामा पत्नीसँग डराउने कुरा गरे । वीरबलले ती पुरुषहरुलाई अण्डा समात्न दिए र सबै अण्डा समातेर उभिए । अण्डा समात्नुको अर्थ हो पत्नीसँग डराउने । त्यस्तो सङ्ख्या बढ्दै गयो । अकबरको अनुहार रातो हुदैं गयो । एक युवक भने अरुभन्दा फरक देखिए । उनले भने, "स्वास्नीसँग पनि कोही डराउँछ ? खुट्टा भए जुत्ताको के दुःख ?" युवकको कुरा सुनेर अकबर निकै उत्साहित भए । उनले त्यस युवकलाई एउटा कालो घोडा इनाम दिए । युवक निकै खुशी भएर त्यस कालो घोडामा चढेर घरतिर लागे । अब उनी घरमा पुगे तब उनकी पत्नी चिच्याइन् "बिहान त लखरक लखरक गएका थियौ अहिले कसको घोडा चोरेर ल्यायौ हँ ?"

"हैन क्या, आज मेरा कुरा सुनेर बादशाह निकै खुशी भए र उनले यो घोडा इनाम दिए ।" युवकले भने ।

"थुइक्क ! तिम्रो बुद्धि त्यस्तो राजाको दरबारमा पुगेर पनि कालो घोडा ल्योउने ? एउटा सेतो घोडा माग्न सकेनौ ?" युवकलाई पत्नीको कुरा ठीकै लाग्यो । उनले सोचे, "आज बादशाह मसँग निकै खुशी छन्, उनीसँग सेतो घोडा किन नमागूँ ?" युवक कालो घोडा लिएर दरबारतिर हिंडे । भर्खर घोडा लिएर गएको मानिस घोडा लिएरै फर्केको देखेर राजा अचम्ममा परे । उनले के कारण हो जान्न चाहे ।

"महाराज ! कालो घोडा त मेरी बूढीले हेर्न पनि चाहिन । कृपया मलाई सेतो घोडा दिनुहोस् ।" युवकको कुरा सुनेर वीरबल बेजोडले हाँसे । अकबरको अनुहार भने हेर्ने लायक बन्यो ।

"ए झुटो बोल्ने मानिस ! लौ अब यो अण्डा समातेर उभिऊ ।" वीरबलले भने । त्यस युवक पनि अण्डा समातेर पल्लो छेउमा गएर उभियो । वीरबलले अकबरको कानमा मुख राखेर स्याउस्याउ गर्दै भने, "सम्राट् ! यस युवककी पत्नी अवश्य पनि अत्यन्तै सुन्दरी छे । नत्र यो त्यति चाँडै आदेश पालन गर्न आउने थिएन" वीरबलले भने ।

"हेर्न जाने त वीरबल कस्ती रहिछन् ?" अकबरले सोधे ।

"जानुपर्छ सरकार तर गोप्य तरि काले जाने कि घोषणा गरेरै जाने ?" वीर बलले सोधे ।

"कहाँ घोषणा गरेर जानु नि ? बेगमले थाहा पाइहाल्छिन् नि ? सुटुक्क जानुपर्छ " अकबरले भने ।

"लौ सम्राट् , अण्डा समात्नु होस्", वीरबलले अण्डा दिदै भने ।

"मैले किन समाउने ?"

"किनभने अरुले पनि अण्डा समाएर उभिएका छन् ।"

"के कारण ?"

"पत्नीसँग डर"

"ए हो त" अकबर अण्डा समातेर हाँस्न थाले ।

अन्ततः सबै पत्नीसँग डराउने कुरा प्रमाणित भयो । अकबरले वीरबललाई यो कार्यका लागि पनि पुरष्कृत गरे ।

# आमाको दुध

## लघुकथा



कृष्णदेव रिमाल

बिहान टेबलमा चिसो दूध थियो । श्यामकी आमाले हिजो सुत्नुअघि दूध पिउनुभएनछ । सधैं त पिउनुहुन्थ्यो । एक गिलास तातो दूध नपिएको दिन उहाँलाई निद्रा पर्दैनथ्यो । आज किन पिउनुभएनछ! श्याम दुखी भयो ।

'दूध किन नखानुभएको आमा ?' चिया खानेबेला उसले आमालाई सोध्यो ।

'उसै, खान मन लागेन ।' आमाले अनुहारमा अर्कै भाव राखेर मुखबाट यस्तो जवाफ दिनुभयो ।

यसो भन्दै गर्दा आमाको बोली हल्का विरसिलो थियो । श्याम आमालाई के कुरामा चित्त दुखेछ भनेर गतविगत दिनहरुका वार्ता र परिवेशमा रुमल्लियो । देख्नेहरूले श्याम टोलाएको देखे ।

अघिल्लो साँझ खाना खाने बेलामा भएको वार्ता सम्झ्यो ।

आमाले श्यामलाई सोध्नुभयो, 'बाबू, तिथिका हिसाबले म चौरासी भएँ कि क्या हो ?'

'हो आमा तपाईंले हजार चन्द्रमाको किरण आफूमा पारिसक्नुभो । सूर्य गणना अनुसार एकासि वर्ष छ महिना भए पनि चन्द्रमानका हिसाबले चौरासी वर्ष पुगेको मानिन्छ । हरेक बत्तिस महिनामा आउने मलमास जोडेर हिसाब गर्दा यस्तो हुन जान्छ ।' श्यामले आमालाई कुरा बुझायो ।

आमाले डराई-डराई घुमाउरो पाराले मनको कुरो राख्नुभो, 'ए त्यही भएर पो रैछ त पल्लाघर जेठानीले तेरो अब चौरासी गर्ने बेला भो भन्नुभएको ।'

'आफ्नो यहाँ शेयर डुबेर मर्नु न बाँच्नु भा छ । बेला न कुबेला तपाईलाई चैं चौरासी गर्नुपऱ्या छ !' श्यामले एक्कासि ठूलो स्वर गऱ्यो ।

'व्यर्थै किन उतर्सेर आइलाग्छ यो ! मैले त पल्ला घर दिदीले यसो भन्नुभो पो भन्या त !' आमाले झन् ठूलो स्वर गर्नुभो ।

'व्यवहार धान्न कति गाह्रो छ यहाँ तपाईलाई के थाहा ! तपाईंहरूले पिउने दूधमा मात्र महिनाको सात हजार जान्छ ।' श्याम झन् चर्कियो ।

'...सात हजार जान्छ !' हिजो बेलुकीको यत्ति एक वाक्य काफी थियो आमाको दूध टेबलमा जस्ताको तस्तै रहनुको कारण । (स्रोतः नागरिक न्यूज)

# वाह म !



पदम भण्डारी

कसैले योसँग नसकिने रहेछ योसँग नलिनु पङ्गा भनेका छन् जसले जे भने पनि मलाई ठूलो बनाएका छन् अनि मलाई पनि ठूलो भएँ भन्ने लागिरहेछ ।

कसैले हिटलर भनेका छन्  
कसैले जङ्ग भनेका छन्  
कसैले मोदीसँग त  
कसैले 'रअ' सँग भनेका छन्  
कसैले 'रअ' कै आदेशमा  
गरेको हो संसद भङ्ग भनेका छन्  
कसैले बढी जान्ने भयो भनेका छन्  
कसैले नभएको ढङ्ग भनेका छन्  
कसैले उसको लामो योजना छ  
संविधान र धर्म निरपेक्षता  
विदेशीकै ईशारामा नाच्दै  
छेपाराले फेर्दाझैं फेरेको छ रङ्ग भनेका छन्  
कसैले भारतिय दलाल हो यो  
उनीहरूकै एउटा अङ्ग भनेका छन्  
रोम जलिरहेछ निरो बाँसुरी बजाइरहेछ  
महाराज त महाराजै हो नाङ्गो भए पनि  
आखिर नाङ्गै भए पनि महाराजलाई  
दौरासुरुवाल कस्तो सुहाएको भनेका छन्  
बबुरो बनेका छन् जसले  
महाराज त नङ्गा भनेका छन्  
कसैले योसँग नसकिने रहेछ  
योसँग नलिनु पङ्गा भनेका छन्  
जसले जे भने पनि मलाई ठूलो बनाएका छन्  
अनि मलाई पनि ठूलो भएँ भन्ने लागिरहेछ  
त्यसैले वाह म ! वाह म !! वाह म !!!

(स्रोतः फित्कौली)

## गाउँखाने कथा

१. माटोमुनि बस्छ गाँठो हिउँ जस्तो रुप, जति सन्तान भए पनि काम दिन्छ खुब ।
- लसुनको पोटी

२. माथितिर कान तलतिर तान, तानमा ठक्कर दिंदा मीठो हुन्छ गान ।
- सारङ्गी

३. मानिसको व्यवहारमा ठूलो काम दिन्छ, तलमाथि पऱ्यो भने ज्यानै पनि लिन्छ ।
- स्टोभ

४. मानिस बोकी लहरालाई समाउँदै कुद्ने, टहरो होइन छहरो होइन के हो सबले बुझ्ने ।
- ट्रलिबस

५. उठे सागरसम्म बसे गजधम्म ।
- कुइरो

समृद्ध समाज
राष्ट्रिय दैनिक

# माताातीर्थ औंशी, मकालु-यात्रा र गोरुचोर !

**यसै पनि निस्पट्ट अँध्यारो त्यहाँमाथि हिलोमा छप्ल्याङ र छुप्लुङ गर्दै नचिन्ने भएर घर पुगेको मनुवालाई आँगनमा देख्दा यो त गोरुचोर नै हो भन्ठानी झण्डै घरैकाको भकुराइमा नपरेको !**



नरनाथ लुईटेल

कुरो ठयाक्कै चौबिस वर्ष अघिको हो, अर्थात २०५६ सालको मातातीर्थ औंशीभन्दा एक हप्ता अघिको । म काठमाडौंमा, आमा हुनुहुन्थ्यो झापाको ग्रामीण बस्ती गौरादहमा । श्रद्धेय आमासँग भेट नभएको दुई वर्ष पो हुन लागेछ । मातातीर्थ औंशी, आमालाई भेट्न उपयुक्त अवसर । यो लखरठ्याक झापा जाने मेसो मिलाउन थाल्यो ।

काठमाडौं उपत्यका बाहिर निस्कने दुईवटा मात्र नाका छन्- एउटा हो हवाइ नाका जो चीलगाडीबाट नाघ्नु पर्छ, अनि अर्को हो भुइँ नाका जो नाइट र डे नामका बस गाडीहरूबाट पार गर्नुपर्छ । लखरठ्याकलाई तुरुन्तै जानु छ र पुनः तुरुन्तै फर्किनु पनि छ । उसले सोच्यो यस्तो अपरझट परेका बेला त छिटो छरितोका निम्ति चीलगाडीको यात्रा नै उपयुक्त हो । तर यता आएर चीलगाडीको यात्रा पनि कति भरपर्दो भइरहेको छ र ? भन्ने प्रश्नले लखरठ्याकलाई चोरकमिलाले टोके जस्तो चिरिक चिरिक टोक्न थाल्यो ।

हवाइयात्रामा अत्यन्त भरपर्दो ठानिएका चीलगाडीहरू सैयौं यात्रुहरू सहित जङ्गल, डाँडा, भीर र पहरातिर फ्यात्त फ्यात्त खस्दै र बस्दै आएका छन् । दुई चार वर्षकै अवधिमा कुनै चीलगाडी घोप्टेभीरमा नाक जोतेर धूलोपीठो हुन पुग्यो । कुनै भट्टेडाँडामा ढाड जोतेर ह्वार ह्वार बल्दै खरानी भयो । एउटा मुगलिङ माथिको चुचुरोमा चुम्बन गर्दा चकनाचुर हुन पुग्यो भने अर्को मुस्ताङतिरै मऱ्याकमुरूक भयो । अर्को एउटा नेपालगन्जको हवाइमैदानमा बस्नै भ्याएन त अर्को एउटाले काठमाडौंको विमानस्थल छोड्नै पाएन । कहिले कुनै चिलगाडीको पाङ्गा ओपन नभएर घन्टौं आकाशमा कावा खाइरहन्छ त कहिले कुनै डाँडाको टावरमा टाउको ठोकेर हावा खाइरहन्छ । यो सबै सम्झेर ल्याउँदा लखरठ्याकको हंशले राम्रैसँग ठाउँ छोड्यो । जेट विमानको गति जस्तै उसको सातो र पुत्लो पनि उड्यो । यो चील गाडीको यात्रा अलिकति मात्र चिप्लियो भने ऐया आत्थुसम्म पनि भन्न नभ्याइ सिधै सिलटिम्मुर खान तयार हुनुपर्ने जिन्दगीमा यो भन्दा खतरनाक खेल अरु के हुन सक्छ ?

लखरठ्याकले चीलगाडीको यात्राबाट हवाइनाका नापी उपत्याका बाहिर जाने विचार नामी नामी र त्यागी त्यागी नेताले सिद्धान्त त्याग गरे जस्तै परित्याग गरि दियो । तर फेरि पनि, जोगीमारा, पतौरी, सिम्ले, दासढुंगा, खैरेनी र बैरेनीका भयानक बस दुर्घटनाका प्रसङ्गहरूले उसको मानसिकतालाई कोपर्न भने छोडेन । नाइट र डे नामका बसहरू मार्फत भुइं नाका नाघ्ने क्रममा लखरठ्याक स्वयम्ले पटकपटक भीषण दुर्घटना बेहोरिसकेको थियो । सशरीर ऊ आफैं सवार भएको गाडी एक पटक सोझो बाटो छोडेर डिलबाट पुल्टुङ्बाजी खेल्दै निकै तल खसेको थियो, ऊसँगै यात्रा गर्ने चार जनाले त्यतैबाट स्वर्गको टिकट हात पारे तर ऊ मुस्किलले बच्यो । अर्को एकपटक विपरित दिसाबाट आएको ट्रकसँग बेतोडले बस सिंगौरी खेल्नपुग्दा क्याबिनमा बसेका गोडातिनेक ज्यान क्याबिनसँगै कच्याककुचुक भएर परिनिर्वाण प्राप्त गरेका थिए । त्यो घटनामा पनि लखर ठ्याक झन्डै एक महिना थला परेर कालसँग कुस्ती खेल्दै मर्त्यलोकमै फिर्ता भएको थियो । अर्को एकपटक ऊ सवार रहेको गाडी बाटो छोडेर हेलिकप्टर उडेझैं केही बेर उडी पन्द्रबिस फिट जतिको बाटो मुनिको गहिराइ दूरी तय गरेर हिलोमा भ्यागुता बसेझैं बस्न पुगेको थियो । यी सबै संझिदा लखरठ्याकलाई औंधी औडाहा भएर आयो । नगई पनि भा'छैन, जाउँ भने बाँच्ने चाह पनि मरि सकेको छैन । लखरठ्याकको मन तीनतमाससँग थर्थराइरहेको बेला भावी बनेर एउटा गोक्ते साथी आइपुग्यो ।

गोक्ते साथीले मेरो मनस्थिति र भोलि नै गर्नुपर्ने यात्राको बारेमा जानकारी पाएपछि काइदाको सल्लाह फर्मायो- "सुन लखरट्याक ! अनमनीका थोत्रा नाइट साइटतिर फाइट गर्दै ज्यान जोखिममा छोड्ने होइन । तँलाई थाह छैन र भन्या, मकालु नामको भुइँ नाका पार गर्ने कम्पनीले अहिले नाइट र डे दुवै सेवा नयाँ बसहरूबाट समर्पण गरिरहेको छ । नाइटमा डर लागे डेमै दगुर, अहिलेसम्म गुल्टेको छैन, कथंकदाचित गुल्टी हाल्यो भने पचास हजारको बीमा, तेरा हकवालाको हात पर्नेछ । टाइममा हिँडाउँछ र टाइममै गन्तव्यमा पुऱ्याउँछ । यहाँ भन्दा भरपर्दो यात्रा न आर.एन. ए.सी. को छ, न त नेकन वा एभरेस्ट एयरको छ ।"

गोक्तेको कुराले लखरठ्याकको शरीरमा अलिकति तरान भरियो । जान त नगई भएकै छैन । आधा मरेको मन लिएर ऊ मकालुको काउन्टरमा टिकट लिन पुग्यो । हैन, यो चाँहि कुन ड्याङको मुला हो र ! भन्दै कलङ्की काउन्टर पुगेको लखठ्याकलाई काउन्टरकी बेनी नानीले स्वागत गरिन् । त्यहाँको चालढाल देख्दा ड्याङ चाहिँ उही हो, मुला भने अलि भिन्दै हो कि जस्तो नलागेको कहाँ हो र ? टिकटको निम्ति दाम बुझाउने काम हुनासाथ कम्प्युटर-टिकट लखरठ्याकका हात पऱ्यो । बसको टिकट पनि कम्प्युटरबाट ? यस किसिमको नौल्याइँपनले पनि मकालुलाई नयाँ ड्याङको नयाँ मुला भन्नैपर्ने भयो !

लखरठ्याक यस्तै के के सोच्दै भोलिपल्ट बिहान पाँच बजेदेखि शुरु हुने मकालु यात्राको तम्तयारीमा जुट्यो । मकालुको नाइट र डे दुवै बस कलङ्कीको हेड अफिसबाट छुट्छ । बिहान हुर्दुराउँदै ऊ त्यहाँ पुग्दा घडीमा पाँच बज्नै लागेको थियो तर गाडी छुट्ने सुरसार थिएन । बाटो किनारमै सानो सुची र चियापान गर्ने अवसरको सदुपयोग गरिसक्दा मात्रै उसले यात्रा गर्ने बसका ड्राइभर सिटमा सवार भए । त्यसपछि पनि अर्को आधा घन्टाको घ्यारघ्यार, टाँटाँ टुँटुँ र ढाइँ ढुइँमै बित्यो । गाडी हिंड्नु भन्दा दश मिनेट अगाडि मकालुको एउटा स्टाफले एक केजीवाला पोलिथिन ब्याग सबै यात्रुहरूलाई वितरण गरे- "हजुर बान्ता आए यसैमा गरिदिनु होला, पुगेन भने पुनः माग्नु भए हामी उपलब्ध गराउने छौं।"

छुट्ने समय साडे पाँच भनिएको भए पनि लखरठ्याक सवार भएको मकालु बस कलङ्कीबाट खचाखच यात्रु लिई ओह्लालो लाग्दा साडे छ बजिसकेको थियो । बस कलङ्कीबाट छ-आठसय मीटर पनि अघि बढेकै थिएन लखरठ्याकको ठीक पछाडि पट्टिको सिटमा बसेकी एउटी बैनीले पोलिथिन ब्याग भर्न शुरु गरिहालिछन् । यो क्रम अटुट र निरन्तर चलिरह्यो । दर्जनौं पोलिथिनले पनि नभ्याएर उनी झ्यालबाट टाउको निकालेरै वाक्न बाध्य भइन् । मकालुको हो वा लखरठ्याकको दुर्भाग्य ? बस दासढुंगाको आसपासतिर पुग्दा लामो सुस्केरा छोडी बाटोको किनारमा घ्याच्च उभिन पुग्यो । अगाडि पट्टी दुईवटा ट्रक एकआपसमा सिंगौरी खेली एउटाको पुच्छर र अर्कोको ढाड कच्याककुचुक भएर बसेका छन् । अरू बस र गाडीहरू यताको यतै, उताको उतै । त्यहाँबाट चितवनको रामनगर करीब आठ/दश किलोमिटर होला । तर रामनगर चौकीका प्रहरी जवानको टोली तत्काल त्यहाँ आइ बाटो खोल्ने हो भने आधा घण्टा पनि लाग्दैनथ्यो । लखरठ्याक लगायतका सैयौं यात्रुहरूले साढे दुई घन्टा तातो घाम ताप्नु पऱ्यो ! मकालुका स्टाफहरू भने अक्वाको पानी र कुर्मुरे चाउचाउ खाँदै बसको सियाँलमा फलाँस खेल्न थाले, फुर्सदको मनोरञ्जनमा उनीहरू पनि माहिर रहेछन् बा !

दासढुंगाको बाटो जाम खुलेर हेटौंडा पुग्दा दिउँसोको दुई बज्न लगेको थियो । लखरठ्याक गर्मी र भोकले लखतरान परिसकेको थियो । स्टाफ खानाको रुपरंग हेर्ने बितिकै वान्ता आउला जस्तो भयो उसलाई । रु. ५० तिरेर भाग बसेका भोकका कारण कोही खाँदै थिए, कोही खाए जस्तो मात्र गर्दै थिए । लखरठ्याक भने अर्को होटलतिर छिऱ्यो र गहुँका दुई चारवटा सुख्खा रोटी टोक्न थाल्यो । कक्रक्क परेको रोटी आधा नबुत्याउँदै उसको मकालुले लामो हर्न दियो । बाँकी रोटी आधा हातमा र आधा मुखमा हालेर दौडिंदै बस चढ्यो । हेटौडाबाट हिँडेपछि भने मकालु एक्सप्रेस अब पूरै लोक्कल हुन पुग्यो । लोकल यात्रुहरू उकाल्दै र ओराल्दै लहान नपुगी डेको मकालु नाइटमा परिवर्तन भयो । जति ढिलो भयो ड्राइभर हरूलाई चाँहि उति हतारो हुने गर्छ । अब मकालु हुँइकिन थाल्यो हावाको वेग जसरी ।

साँझको चौपट्टै अँध्यारो खसिसकेपछि लखरठ्याकले भेउ पायो- उसको बसले भर्खरै कोशी ब्यारेज क्रस गरेछ । कोशी तरे पनि उसको पछिल्लो सिटमा बसेकी बैनीको मुखबाट कोशी ओइरिन चाहिँ छोडेकै थिएन । बिचबिचमा उनलाई अरुले पनि सघाउँदै साथ दिइरहेका थिए । बिस्तारै उनी झ्यालबाट टाउको बाहिर झिक्न पनि नसक्ने भइन् । अब त जति आउँछ भित्रै पो ! वान्ताको दुर्गन्ध मकालुको सुविधा अन्तर्गतको अक्वा मिनेरल वाटरको बोतले पानीले पखाल्न के सक्थ्यो ! अरुअरु पनि धेरैले पोलिथिन भर्ने कम्पिटसनमा तँछाड मछाड गरेका गऱ्यै ।

लखरठ्याक ओर्लिनुपर्ने स्टप दमक थियो । दमकबाट गौरादहतिर झर्ने अन्तिम लोकलबस छ बजे नै छुटिसक्थ्यो । तर मकालु दमक पुग्दा रातको दश बज्नै लागेको थियो । सुनसान भैसकेको कालो रात बिच लखरठ्याकलाई एक्लै छोडेर मकालु अगाडि हुइँकियो । आफू जानुपर्ने र पुग्नुपर्ने ठाउँ त्यहाँबाट पनि टाढै थियो, न गाडी पाउँछ, न कुनै उपयुक्त बासको बन्दोवस्त छ, त्यहाँ । लखरठ्याकले मकालुलाई, उसको पंक्चुयालिटीलाई मनमनै गाली गर्न पनि सकेन, किन कि एकदुई दिन बिताएर मकालुबाटै फेरि काठमाडौं फर्किनु थियो ।

हिउँदे झरीले हिलाम्य तराईको बाटो पैदल तय गरेर मध्ये रातमा घर पुग्यो लखरठ्याक । यसै पनि निस्पट्ट अँध्यारो त्यहाँमाथि हिलोमा छप्ल्याङ र छुप्लुङ गर्दै नचिन्ने भएर घर पुगेको मनुवालाई आँगनमा देख्दा यो त गोरुचोर नै हो भन्ठानी झण्डै घरैकाको भकुराइमा नपरेको ! आफ्नै दाइ बाँसको अखनी लिएर उभिनु भएको थियो गोरूचोर कुट्न । एकदमै आत्तिएर कराएपछि पो यो लखर ठ्याकलाई बल्ल चिने, ज्यान बच्यो । अहिले सम्झँदा पनि आङ जिरिङ्ग गर्छ ! धन्य मकालुको यात्रा !! धन्य आमाको मुख हेर्ने औंशी !! *(स्रोतः फित्कौली)*

# जीवन सिकायौ गुरु



**सरोजप्रसाद साह**

हातमा कलम समाउन सिकायौ
सिंहको भाँती बोल्न सिकायौ
ज्ञानी झैं ज्ञान सुन्न सिकाायौ
जीवन सिकायौ गुरु

स्वार्थको दुनियाँमा काँढा चिन्न सिकायौ
जुवारीमाझैं दिल जित्न पनि सिकायौ
सुर्यको भाँती बादल चिर्न पनि सिकायौ
आकाशलाई छोपी उड्न पनि सिकायौ
जीवन सिकायौ गुरु



सही र गलत छुट्याउन सिकायौ
सत्यको मार्ग समाउन सिकायौ
जीवनमा ज्ञान दिपक जलायौ
मातृभूभि-राष्ट्र के हो ? बतायौ
जीवन सिकायौ गुरु

स्वार्थको दुनियाँमा काँढा चिन्न सिकायौ
जुवारीमाझैं दिल जित्न पनि सिकायौ
सुर्यको भाँती बादल चिर्न पनि सिकायौ
आकाशलाई छोपी उड्न पनि सिकायौ
जीवन सिकायौ गुरु



# नैतिकता



**निमिशा निरौला**

मानवता आउने मानवमा नैतिकता भएर
फरक हुने जनावरबाट मानिस नैतिकता भएर असल हुन्छ
नैतिकता भएको व्यक्ति
बने नैतिकवान्, रोकिन्छ अनेकौं अनैतिक कार्य

हुन्छ पशु सरह अनैतिक चरित्र
अनि निम्त्याउँछ अनेकौं विकृतिहरू देश भित्र
पुगोस् नैतिक शिक्षा हरेक विद्यालय, घर, गल्लीमा
हुँदै रहोस् विकास नैतिकता यहाँ सबैको तसल्लीमा,

मान्न नछोडौं हाम्रा परम्परा, रीतिरिवाज
नछोडौं गर्न सबैको सेवा र परोपकार
हिंडौं हामी नैतिकता अँगालेर अब
सत्य र मानवतावादी सोच सँगालेर अब

सदाचार बने पाइन्छ सृष्टिको सुख अतुलनीय हेर,
गरौं माया, दया, करूणा र सम्मान सबैलाई यहाँ
घरबाटै सिकाइयोस् राम्रा संस्कार, आचरण र शिष्टता
बनौं वास्तवमै मानव, नैतिकता जानेर, नैतिकता सिकेर

*कक्षा ८*
*ज्ञान्दीप शिक्षा निकेतन*

# पारिजात



**शिष्टता ढोंडारी**

विष्णु कुमारी वाईबा हो उनको नाम
साहित्य लेख्ने चाहीँ हो उनको काम ।

पारिजात भनेर चिन्दछन् सारा
पारिजात हाम्रो साहित्यको तारा ।

सबैसँग मिठो बोली सबैसँग नम्र
इतिहास उनको पढ्दा थाहा भो सम्पूर्ण ।

आहा १ कति राम्रो उपन्यास शिरिषको फुल
पारिजातलाई बिर्सियौ भने हुन्छ ठूलो भूल ।

कति राम्रा उपन्यास लेख्थिन् उनी
राम्रो उपन्यास लेख्ने समय जानिएन कुनी ।


बहुमुखी प्रतिभा नारी हाम्रै पारिजात
फुलहरुले सुवास छरे झैं साहित्य छर्ने हाम्रै पारिजात ।

(पारिजातको ३० औं स्मति दिवसको दिन आँचल साहित्य कला पुञ्ज मकवानपुरले आयोजना गरेको कविता प्रतियोगितामा बाल प्रोत्साहन पुरस्कार प्राप्त गर्न सफल रचना ।)
कक्षा-४,
रिलायन्स इंग्लिस सेकेण्डरी स्कूल

**के तपाई पौडी सिक्न चाहनुहुन्छ ?**

**सहभागी हुन सक्ने उमेर:**
**७ बर्ष भन्दा माथी**

**समय:**
**विहान: ८:०० बजे देखि ११: ०० बजेसम्म**
**दिउँसो: २:०० बजेदेखि ५: बजेसम्म**



**तपाईका साहित्यिक रचनाहरु समृद्ध समाज दैनिकमा प्रकाशन गर्ने ईच्छा भए**
sambridhasamaj@gmail.com
**समृद्ध समाज राष्ट्रिय दैनिक**

## ग्रामीण बहुद्देश्यीय सहकारी संस्था लि.

हेटौडा–२, मकवानपुर

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

यस ग्रामीण बहुउद्देश्यीय सहकारी संस्थाका लागि करार सेवामा तपशिल बमोजिम पदमा कर्मचारी आवश्यकता परेकाले देहाय बमोजिम दरखास्त आवहान गरिन्छ ।

| क्र.स. | पद | संख्या | शैक्षिक योग्यता | तलब/सुविधा |
|---|---|---|---|---|
| १ | बजार प्रतिनिधी | केहि | एसईई पास | आपसी समझदारीमा |

१ दरखास्त दिने अन्तिम मितिः– २०८०/१/१२
२. उमेरः १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको
३. परीक्षाको किसिमः– अन्तरवार्ता ।
४. दरखास्त शुल्क– रु. २००/–
५ आवश्यक कागजातहरुः– पासपोर्ट साईजको फोटो १ थान, नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी, सम्बन्धित योग्यता हासिल गरेको सक्कल प्रमाणपत्र, लाईसेन्स, सामान्य कम्प्युटर ज्ञान भएको प्रमाणपत्र ।
६. अनुभवीलाई प्राथमीकता दिइने छ ।
७ दरखास्त दिने स्थानः– संस्थाको मुख्य कार्यालय, हेटौडा–२, बुद्धचोक
नोटः दुई पाङग्रे सवारी साधन अनिवार्य भएको हुनुपर्ने छ ।

**व्यवस्थापक**

# साताको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**



**मेष राशि**ः उचित काममा निर्णय लिन सकिने समय योग छ । कामको दबाब बढ्ने छ । लगनशीलता र श्रमले राम्रो फाइदा दिलाउँला । स्वादिष्ट भोजनको समय छ । धार्मिक तथा आध्यात्मिक कार्यमा समय व्यतित होला । शारीरिक उर्जामा वृद्धि हुनेछ । रिसराग, घमण्ड र अहंकारबाट टाढा रहँदा राम्रो । पढाइ–लेखाइ मध्यम छ । आय बढ्ने समय योग पनि छ ।

**वृष राशि**ः विवाद, मुद्धामामिला र प्रतिस्पर्धाका क्षेत्रबाट फाइदा लिन सकिने समय योग छ । आर्थिक संकट झेल्नुपर्ला । तिर्थयात्रामा सरिक भइएला । अनावश्यक खर्च बढ्न सक्ने छ । व्यापार–व्यवसाय ठिकै छ । परिबन्ध र बाध्यताका काममा रुमल्लिनु पर्ला । महत्वकांक्षा नराख्दा राम्रो होला । घरपरिवारसँगको सम्बन्ध ठिकै रहला । अध्ययन–अध्यापन ठिकै रहने समय छ ।

**मिथुन राशि**ः लाभको विषयमा चिन्तन गर्ने र काम थाल्ने समय छ । मान–सम्मान प्रतिष्ठा प्राप्त होला । व्यापार तथा साँझेदारी कामबाट लाभ प्राप्त होला । आलोचना गर्ने व्यक्तिको मनोबल बढ्ला । राजनैतिक र सामाजिक कामबाट लाभ प्राप्त हुने समय छ । अध्ययन–अध्यापनबाट लाभ प्राप्त होला । स्थानान्तरणको समय योग छ । माङ्गलिक कार्य होला ।

**कर्कट राशि**ः समय ठिकै छ । कार्यक्षेत्रमा हाकिमको र मातापिताको सेवामा समय बित्ला । दीर्घकालिक योजना र विचारलाई कार्यान्वयन गर्ने प्रयास गरेमा सफलता मिल्ने छ । जीवनसाथीको माया र सहानुभूति प्राप्त होला । व्यापार–व्यवसाय मध्यमकारक रहेको देखिन्छ ।

**सिंह राशि**ः अरुको उपलब्धि देखेर आनन्द बढ्ला । धनार्जनका दृष्टिले समय राम्रो छ । दानपुण्य र परोपकारी काममा खर्च गर्न सकिन्छ । मानसिक शान्ति प्राप्त होला । अरुको मनको बह सुनेर सान्तवना दिने समय छ । काम विशेषले कार्यक्षेत्रबाट बाहिरिनु पर्ने हुन्छ । कार्यस्थलमा विशेष भूमिका निर्वाह होला । व्यापार–व्यवसाय ठिकै छ । पढाइ–लेखाइ मध्यम छ ।

**कन्या राशि**ः जोखिम र संटले घेरेको समय छ । धेरै बटुल्ने इच्छा गर्दा गुमेको थाहा हुँदैन । महत्वकांक्षालाई थाती राख्दा राम्रो । संयमताले काम गर्दा राम्रो रहन्छ । व्यापार–व्यवसाय त्यति अनुकूल छैन । पढाइ–लेखाइ राम्रो रहन्छ । पारिवारीक वातावरण सामान्य रहला । मन अशान्त बन्न सक्छ । अध्ययन– अध्यापन ठिकै रहला । धन सम्पत्तिले तनाब बढ्ला ।

**तुला राशि**ः प्राविधिक क्षेत्रमा खर्च बढ्ला । व्यक्तित्वको चर्चा बढ्ने समय छ । महत्वपूर्ण कामहरु छोटो समयमा पूरा होला । पारिवारीक जमघट भेटघाटले आनन्द प्राप्त होला । सामाजिक र धार्मिक क्षेत्रमा समय व्यतित होला । व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । अध्ययन–अध्यापन ठिकै रहन्छ । गुप्त र रहस्यमय सुख प्राप्त गर्ने समय योग छ ।

**वृश्चिक राशि**ः कार्यसम्पादनबाट अधिकत्तम सन्तुष्टि हाशिल गर्ने समय छ । मानसिक स्वस्थता बढ्ने समय छ । धार्मिक वा पारस्परिक क्रियाकलापमा चासो बढ्ने समय छ । बन्दव्यापारमा गतिरोध समाप्त हुनेछ । शेयर कारोबारबाट लाभ प्राप्त हुने समय छ । मस्तिष्कलाई बोझ बढ्ला । कार्यक्षेत्रमा प्रशंसा बढ्नेछ । प्रतिस्पर्धा र परीक्षामा सफलता प्राप्त हुने समय योग देखिन्छ ।

**धनु राशि**ः समय ठिकै छ । गोपनिय ढंगले गरेका क्रियाकलापमा सफलता प्राप्त होला । पढाइ–लेखाइमा प्रगति हुनेछ । बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिने समय छ । रचनात्मक कार्यमा जुटिने समय छ । पारिवारीक वातावरण रमाइलो बन्ला । धार्मिक तथा सामाजिक काममा सरिक भइने समय योग छ । नयाँ कामको थालनी होला ।

**मकर राशि**ः स्वास्थ्य स्थितिमा उचारचढाप बढ्ला । कल्पना र भावनामा रमाइने समय छ । आफन्तको व्यवहार त्यति मन पर्दैन । व्यापार–व्यवसाय मध्यम फलदायी छ । साहित्यका क्षेत्रमा सरिक भइएला । विश्वासको संकट देखापर्ला । नकारात्मक उर्जामा वृद्धि होला । अचानक व्ययभार बढ्ला । धार्मिक र सामाजिक काममा सरिक भइने छ । पढाइ भन्दा लेखाइ ठिक छ ।

**कुम्भ राशि**ः सामाजिक तथा सांगठनिक काममा सरिक भइने छ । धन सम्पत्ति आय र व्यय दुवै हुनेछ । सेवामूलक र परोपकारी कामबाट धनधान्य प्राप्त होला । आफन्तको सहयोगले मन फुरुङ्ग होला । कार्यक्षेत्रमा मन जाला । धार्मिक तथा सामाजिक कामबाट भाग्य वृद्धि होला । परीक्षा र प्रतियोगितामा सफलता प्राप्त होला । सहयोगीले साथ दिनेछन् ।

**मीन राशि**ः हातमा अचानक धन प्राप्त हुनेछ । रोकिएका वा फसेका कामहरु बन्नेछन् । हर्ष,आनन्द बढ्ला । व्यापार–व्यवसाय ठिकै रहला । आनन्दको चिन्ताले सताउला । बोलीले सेवाग्राही असन्तुष्ट र रुष्ट बन्लान् । अभिव्यक्तिकलाले मान सम्मान प्राप्त । अध्ययन– अध्यापन ठिकै रहला । स्पष्टसँग धारणा राख्दा पहिचान कायम होला ।

**भर्ना खुल्यो !! भर्ना खुल्यो !!**
नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा विद्यार्थी, अभिभावक, शिक्षक तथा समस्त शुभचिन्तकहरुमा हार्दिक मङ्गलमय शुभकामनासहित
शैक्षिक सत्र २०८० को लागि कक्षा नर्सरी देखि कक्षा ९ सम्म भर्ना खुलेको सहर्ष जानकारी गराउन चाहन्छौं ।
Entrance प्रवेश परिक्षा भइरहेको जानकारी गराउन चाहन्छौं।
आधारभूत तथा माध्यमिक तहको Entrance परिक्षा चैत २९ गते हुनेछ ।
पूर्व प्राथमिक तथा प्राथमिक तहको Entrance परिक्षा चैत ३० गते हुनेछ ।
**Tulasi Mehar Memorial Secondary School**
Hetauda-10
Contact no:057-520737, 9855071876

**स्वादिष्ट नेवारी खाजा**




अब
**होटल बासुकला (फास्टफुड) मा**
() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
**(HRL)**
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि **HRL**
**हेटौंडा रिफरेन्स ल्यावरोटरी,**
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

**RELIANCE**
ENGLISH SECONDARY BOARDING SCHOOL
ठेगाना
हेटौडा-५, सनोपोखारा



**भर्ना खुल्यो !!**
२०८०
नर्सरी देखि ९ सम्म

| कक्षा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| सीट संख्या | ११ | ६ | १२ | ८ | १० | ७ | ९ | ८ | ३ |

थप जानकारीको लागि
९८०२५३९५७७ |९८०२५३९५७३ |९८०२५३९५७५

# राष्ट्रिय युवा नीतिबारे समीक्षा



समाज संवाददाता

हेटौंडाः नेपालको राष्ट्रिय युवा नीति–२०७२ माथि प्रदेशस्तरीय समावेशी र विस्तृत समीक्षा गरिएको छ । प्रदेश युवा परिषद् मकवानपुरको आयोजनामा शुक्रबार हेटौंडामा उक्त विषयमाथि समीक्षा गरिएको हो ।

परिषद् मकवानपुरका सदस्य किरण थापाको सभाध्यक्ष तथा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठले युवालक्षित नीति तथा कार्यक्रम बनाउन लाग्दालाग्दै आफूले मन्त्री पदबाट बिदा लिनुपर्ने स्थिति सिर्जना भएको बताउनुभयो । राजनीतिक अस्थिरताले उक्त कार्यक्रम कार्यान्वयन हुन नसकेको श्रेष्ठले गुनासो गर्नुभयो ।

१० हजार युवालाई प्रदेश सरकारले सीपमूलक तालिम दिने उद्देश्यले नीति तथा कार्यक्रम बनाउन पहल भइरहेको उहाँले जानकारी दिनुभयो । राजनीतिक अस्थिरता कायम रहेकाले तत्काल युवालक्षित नीति तथा कार्यक्रम कार्यान्वयनको सम्भावना नरहेको जिकिर श्रेष्ठले गर्नुभयो । बागमती प्रदेश सरकारका मुख्यमन्त्रीले ७ वटा मन्त्रालय सम्हालेकाले नीति तथा कार्यक्रम कार्यान्वयनको सम्भावना नरहेको उहाँले दावी गर्नुभयो ।

युवालक्षित कार्यक्रमका लागि प्रदेशसभा सदस्य श्रेष्ठले प्रदेश सरकारलाई दबाब दिन युवाहरुलाई आग्रह गर्नुभयो । रोजगारसँग जोडिएका कार्यक्रमलाई प्राथमिकता दिन प्रदेश सरकारलाई दबाब दिनुपर्ने उहाँले बताउनुभयो । नेपालमा भित्रिनेभन्दा बाहिर जाने रेमिट्यान्स बढी रहेको भन्दै उहाँले युवाहरुको गम्भीर ध्यानाकर्षण गराउनुभयो ।

राजनीतिक मुद्दा फरक भएकाले सबै युवाहरुले आफ्नो मुद्दालाई साझारुपमा उठान गर्न उहाँले आग्रह गर्नुभयो । राजनीतिमा समेत युवा आउनुपर्छ भन्ने मुद्दाको उठान गर्दै राजनीतिमा युवाको सहभागिता हुनु सकारात्मक विषय रहेको बताउनुभयो । यस्तो अवस्थामा क्षमतावान र भविष्य भएका युवाहरु लागूपदार्थ दुर्व्यसनमा रुमल्लिएको अवस्थामा नियमन गर्नु राज्यको दायित्व रहेको बताउनुभयो ।

अध्यक्ष थापाले ३ हजार ९ सय ३८ अल्पसंख्याक सामुदाय रहेकामा तेस्रो लिङ्गीहरु उक्त समुदायमा नपरेको गुनासो गर्नुभयो । उहाँले परिवार, समाज र राज्यबाट तिरस्कृत रहेको गुनासो गर्नुभएको हो । सुविधासम्पन्न अस्पताल नेपालमै नहुनु, शैक्षिक गुणस्तर प्रदान गर्ने शैक्षिक संस्था नहुनु र स्वरोजागर नबनाउनु सबैका लागि दुःखद् विषय रहेको उहाँको भनाई छ ।

गैरसरकारी संस्था महासंघ बागमती प्रदेशकी अध्यक्ष आरती पाठकलले नीति कसरी बनाउने र बनेका नीतिलाई कसरी परिमार्जन गर्ने भन्ने विषय कार्यक्रमको उपलब्धी रहेको बताउनुभयो । युवालाई उद्यमसँग कसरी जोड्न सकिन्छ भन्ने कुरालाई जोड दिनुपर्ने बताउनुभयो । प्लान इन्टरनेशनल र ग्रामीण महिला विकास केन्द्र हेटौंडाको सहयोगमा कार्यक्रम भएको हो । कार्यक्रममा सहजकर्ता कुमार खड्काले युवाको परिचय, युवाहरुको अवस्था, चुनौती, समस्या, अवसरसँगै नीतिबारे सहजीकरण गर्नुभएको थियो ।

# ३ दिने स्थानीय सम्मेलन हुँदै

समाज संवाददाता

हेटौंडाः अन्तर्राष्ट्रिय वन विद्यार्थी संघ (इप्सा) हेटौंडाद्वारा वन क्याम्पस हेटौंडामा स्थानीय सम्मेलन हुँदैछ । २०८० स्थानीय सम्मेलन ३ दिने रहेको छ । ९ गतेदेखि ११ गतेसम्म हुने सम्मेलन विद्यार्थीलाई प्रेरित गर्नु रहेको हेटौंडा इप्साको अध्यक्ष अनिल सुवेदीले बताउनुभयो ।

३ दिने कार्यक्रममा ९ गते उद्घाटन समारोह, साधारण सभा, विभिन्न मनोरञ्जन र स्नातक उत्तीर्ण भएपछि के गर्ने भन्ने विषयमा छलफल हुने छ । १० गते वन प्रदर्शनी, नयाँ समिति गठन हुने र ११ गते साँस्कृतिक साँझ, खेल, विद्यार्थीलाई उत्प्रेरित गर्ने, वन सम्बन्धी ज्ञान दिने जस्ता कार्य हुने सुवेदीले जानकारी दिनुभयो ।

सम्मेलनमा विद्यार्थीलाई काम र योजनाका आधारमा पुरस्कार वितरण गरिने छ । साथै, वनमा इच्छुक विद्यार्थीलाई एकै ठाउँमा बोलाउने, खेलका पुरस्कार वितरण गरी २०८० को विभिन्न साँस्कृतिक कार्यक्रम सम्पन्न गरिने सुवेदीले बताउनुभयो ।

# नुवाकोटमा एक कंकाल फेला

# सिन्धुपाल्चोकमा भीरबाट लडेर एकजनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बिहीबार नुवाकोट जिल्लामा एक कंकाल फेला परेको छ भने सिन्धुपाल्चोकमा एक व्यक्तिको भीरबाट लडेर मृत्यु भएको छ । यस्तै चितवनमा एकजनाको शव बरामद भएको छ ।

नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका-२ काफलचौरमा एक मानिसको कंकाल फेला परेको छ । कंकाल बिहीबार दिउँसो ४ बजेको समयमा काफलचौरको भीरपाखामा लिङ्ग पहिचान हुन नसकेको अवस्थामा फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । कंकालको मुचुल्का पश्चात पोष्टमार्टमका लागि जिल्ला अस्पताल नुवाकोट लगिएको प्रहरीले जनाएको छ ।

यस्तै, सिन्धुपाल्चोक जिल्लाको लिसंखुपाखर गाउँपालिका-६ मा भीरबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुने ६५ वर्षीय गोपाल पाण्डे रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । पाण्डे बुधबार घुम्न गएकोमा घर नआएपछि आफन्तले खोजी गर्दा बिहीबार बिहान ८ बजेको समयमा बाटोदेखि ६० मिटर तल भीरबाट लडी मृत अवस्थामा फेला परेका थिए ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-१ मा एक जना पुरुष व्यक्तिको शव फेला परेको छ । बिहीबार दिउँसो २ बजेको समयमा नारायणी नदि किनारमा हाल सनाखत नभएको ५५ वर्षीय पुरुषको शव नदिले बगाई ल्याएको अवस्थामा फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

# ११ गते मकवानपुर बन्दको आव्हान

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय प्रजातान्त्रिक यातायात मजदुर संघ मकवानपुरले बैशाख ११ गते मकवानपुर जिल्ला बन्दको आव्हान गरेको छ । हेटौडा उपमहानगरपालिकालाई पटक-पटक आफ्नो समस्या बारे बुझाउँदा समेत बेवास्ता गरेको भन्दै संघले सुरु गरेको चरणबद्ध आन्दोलन अन्तर्गत बैशाख ११ गते मकवानपुर जिल्ला बन्दको आव्हान गरेको हो ।

मंगलबार पत्रकार समेलन गर्दै तीन पांग्रे मजदुरका लागि आवाज उठाइरहेको संघले मजदुरको विभिन्न समस्या समाधानको माग गर्दै बैशाख ६ गतेदेखि बैशाख ११ गतेसम्म चरणबद्ध आन्दोलनको कार्यक्रम नै सार्वजनिक गरेको थियो । चरणबद्ध आन्दोलनमा बैशाख ६ गते हेटौडा बजारको मुख्य चोकमा, सवारी साधनमा कालो झण्डा राखेका र बागमती प्रदेश सरकारलाई ध्यानाकर्षण पत्र बुझाएका थिए । दोस्रो दिन बैशाख ७ गते विषयगत समस्याको सम्बन्धमा अन्तरक्रिया कार्यक्रम गरेको थियो । बैशाख ८ गते मजदुरहरुले 'स्टिकर प्रणाली तत्काल वितरण गर', 'यातायात मजदुर माथि भएको ज्यादती अन्त्य गर', 'स्थानीय सरकार हाम्रो मागको सम्बोधन गर' लेखेका प्लेकार्ड सहित हेटौडा नगर क्षेत्रमा बिरोध प्रदशन गरेका थिए । त्यस्तै बैशाख १० गते उपमहानगरपालिकामा शान्तिपूर्ण धर्ना कार्यक्रम गर्ने र बैशाख ११ गते मकवानपुर जिल्ला बन्द गर्ने घोषणा गरेको छ ।

# तीनपाङ्ग्रे सवारी व्यवस्थापन माग गर्दै बिरोध ¥याली



समाज संवाददाता

हेटौंडाः राष्ट्रिय प्रजातान्त्रिक यातायात मजदुर संघ जिल्ला कार्यसमिति मकवानपुरले तीनपाङ्ग्रे सवारी व्यवस्थापनको माग गर्दै बिरोध ¥याली प्रदर्शन गरेको छ । शुक्रबार मजदुरहरुले अटो तथा मयूरीमा आफ्ना मागहरु लेखिएको प्लेकार्ड टाँसगरी हेटौंडा नगर क्षेत्रमा ¥यालीसहित बिरोध प्रदर्शन गरेका हुन् ।

हुप्रचौरबाट सुरुभएको बिरोध ¥यालीका क्रममा मजदुरहरुले विभिन्न नारहरु लगाएका थिए । नगरपालिकाको बिभेदकारी राजनीतिकरण बन्द गर, सुनिश्चित स्टिकर प्रणाली तत्काल लागू गर, मजदुर एकता जिन्दाबाद, यातायात मजदुरमाथि भएको ज्यादती अन्त्य गर, हाम्रो आन्दोलन जारी छलगायत नारा लगाएका थिए । बिरोध ¥याली सीमा चोकमा गएर कोणसभामा परिणत भएको थियो । कोणसभामा बोल्दै राष्ट्रिय प्रजातान्तिक मजदुर संघ मकवानपुर जिल्ला अध्यक्ष काजीमान तितुङले मजदुरमाथि राजनीतिकरण भएको बताउनुभयो ।

नगरपालिकाले आफैं स्टिकर दिनुपर्ने ठाउँमा हामीले माग्दा पनि स्टिकर नदिएको बताउँदै आइतबार वार्ताका लागि नगरपालिकामा बोलाए पनि आन्दोलन यथावत चलिरहने उहाँले बताउनुभयो । नगरपालिकाले स्टिकरको निहुँ गरेर मजदुरहरुलाई दुःख दिन खोजेको उहाँले आरोप लगाउनुभयो । मजदुरको माग पूरा नभएसम्म आन्दोलन जारी रहने उहाँको भनाई छ । मजदुरहरुले समस्या सामाधानको माग गर्दै बैशाख ६ गतेदेखि बैशाख ११ गतेसम्म चरणबद्ध आन्दोलनको कार्यक्रम सार्वजनिक गरी कार्यक्रम गर्दै आइरहेका छन् ।

# प्रदेश सुरक्षा समितिको बैठक सम्पन्न

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सुरक्षा समितिको बैठक आन्तरिक मामिला तथा कानूनमन्त्री गंगानारायण श्रेष्ठको अध्यक्षता र मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्यमा हेटौंडामा सम्पन्न भएको छ । यसअघि १३ वटा जिल्लाको सुरक्षा समितिको समन्वयात्मक बैठक सम्पन्न भएको थियो ।

प्रदेश सुरक्षा समितिको बैठकमा प्रदेशको समग्र शान्ति सुरक्षाको अवस्था र आगामी योजनाबारे आन्तरिक मामिला तथा कानुन मन्त्रालयको तर्फबाट सुरेन्द्र कार्की, नेपाली सेनाका मध्यपृतनापति होमनाथ दवाडी, नेपाल प्रहरी बागमती प्रदेश प्रमुख प्रहरी नायव महानीरिक्षक किरण राणा, बागमती प्रदेश सशस्त्र प्रहरी बल प्रमुख प्रहरी नायव महानिरीक्षक लक्ष्मण बहादुर सिंह, राष्ट्रिय अनुसन्धान बिभाग प्रदेश प्रमुख किशोर कुमार श्रेष्ठले जानकारी गराएका थिए ।

सुरक्षा चुनौतीको रूपमा सवारी दुर्घटना, आत्महत्या, विपद्को व्यवस्थापन, वित्तीय अपराध, साइबर अपराध, नदीजन्य पदार्थको चोरी तस्करी, लागूऔषध नियन्त्रण, महिला हिंसा जस्ता समस्याहरू प्रदेशको सुरक्षा चुनौती रहेको र त्यसलाई समाधान गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बताउनुभयो । त्यस्तै आन्तरिक मामिला तथा कानुनमन्त्री श्रेष्ठले संविधान कार्यान्वयन गर्न वाधक बनिरहेका कतिपय पञ्चायतकालीन ऐन, कानून समयानुकूल संशोधन गर्ने र आवश्यकता अनुसार नयाँ ऐनकानुन निर्माण गर्दै जाने कुरामा प्रदेश सरकार लागिरहेको कुरा बताउनुभयो ।

सवारी दुर्घटना न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम गर्ने, अत्याधुनिक प्रविधि (सीसी क्यामेरा लगायत) जडान गर्ने, विपदको जोखिम कम गर्न र विपदमा परेकाहरूलाई उद्दार, राहत र पुनर्स्थापनाका लागि मन्त्रालयले प्रदेश विपद व्यवस्थापन प्राधिकरण बनाउने, नदीजन्य पदार्थको चोरीपैठारी नियन्त्रण गर्न स्थानीय सरकारसँग समन्वय गरी कानूनको प्रभावकारी कार्यान्वयन गर्ने, त्यस्तै साइबर अपराधलाई नियन्त्रण गर्न विद्युतीय सामाग्रीको स्वनियमन, नियमन गर्ने कानुन बनाउने, महिला हिंसा र आत्महत्या हुनबाट जोगाउन समुदायलाई सचेत गराउन सचेतनामूलक कार्यक्रमहरू गर्नुका साथै, कानूनको प्रभावकारी कार्यान्वयन गर्ने निर्णय बैठकले गरेको छ । बैठकमा प्रमुख सचिव मुकुन्द निरौला, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव ध्रुव गैंडा र मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डे पनि सहभागी थिए ।

चट्याङबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

चट्याङ पर्ने संभावना भएको बेला

घरबाहिर हुनुहुन्छ भने,
अग्लो र एक्लो रुखमुनि नबस्ने,
पौडिने, माछा मार्ने तथा र्‍याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
खुल्ला मैदानमा नबस्ने,
धातुबाट बनेका तारबार नजिक नबस्ने,

घरभित्र हुनुहुन्छ भने,
विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन, मोवाइल फोन नजिक नबस्ने र प्रयोग नगर्ने,
तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
घरबाट बाहिर ननिस्किने,
धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

शैक्षिक सत्र २०८० का लागि
नर्सरीदेखि कक्षा ९ सम्म




विद्यार्थीमैत्री शिक्षा प्रदान गरिने, विद्यार्थीको सर्वाङ्गिण विकास हुने उपयुक्त वातावरण रहेको जानकारीसहित सम्पूर्ण अभिभावकमा निश्चिन्त भएर आफ्ना बाबुनानीलाई भर्ना गराउनुहुन अनुरोध गरिन्छ ।

ज्ञानोदय बालबाटिका आवासीय मावि
हेटौंडा-५, पिप्ले
९८५५०६८९४०/९८०१०२९२०५




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ